सम्भावित कार्यसूची

**बैठक संख्या : ०७-०८०/०८१**

मिति: २०८०/०९/२० गते शुक्रवार
समय: विहान ८:०० बजे

**राक्सिराङ्ग गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व २०८०/०८१ को सातौं बैठकमा छलफलका सम्भावित विषयहरु :**

१. गत बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. चालु आर्थिक बर्षको अर्धवार्षिक समिक्षा सम्बन्धी प्रस्ताव गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।
३. न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा मेलमिलाप कर्ताहरुको नाम अनुमोदन सम्बन्धी प्रस्ताव गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।
४ चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम तथा बजेटमाथि संशोधन प्रस्ताव गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
५ स्थानीय तहको संस्थागत स्वमुल्यांकनको प्रारम्भिक नतिजा छलफल गर्ने सम्बन्धी प्रस्ताव गाउँसभामा पेश गर्ने सम्वन्धमा।
६ गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० सम्मको बेरुजु नियमित गर्ने सम्बन्धी प्रस्ताव गाउँसभामा पेश गर्ने सम्बन्धमा ।
७ गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट तर्जुमा सम्बन्धमा कार्यतालिका सम्बन्धमा ।
८ राक्सिराङ्ग गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०८० स्वीकृत गर्ने ।
९ आ.व. २०८०-०८१ को आय ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।

..............................
(देब चन्द्र गर्तौला)
प्रमुख प्रशासकीय अधिकृत

नोटः.....................................................................................................................
.............................................................................................................................
.............................................................................................................................
...............................

राक्सिराङ्ग गाउँपालिका

**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**

बैठक संख्या : ०७/२०८०/०८१

मिति: २०८०/०९/२० गते शुक्रबार

समय: विहान ८:०० बजे

आज मिति २०८० पुस २० गते शुक्रबार विहान ८:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को सातौं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

<u>उपस्थिति:</u>

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देब चन्द्र गर्तौला | |

# राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर

बैठक संख्याः ०७–०८०/८१

मितिः २०८०/०९/२० गते शुक्रबार

समयः बिहान ८.०० बजे

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २:

चालु आर्थिक बर्षको लागि गाउँपालिकाले हालसम्म गरेका निर्णय तथा कृयाकलापहरुको अर्धवार्षिक समिक्षा सम्बन्धमा छलफल गरियो । साथै यस बर्षको अर्धवार्षिक समिक्षा सम्बन्धी प्रस्ताव छलफल गरी स्वीकृतिको लागि मिति २०८०/०९/२३ गते बस्ने राक्सिराङ्ग गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको प्रथम बैठकमा उपाध्यक्ष श्री बनस्तम थिङले चालु आर्थिक बर्षको अर्धवार्षिक समिक्षा गाउँसभाबाट अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव निम्नानुसार प्रस्तुत गर्नुहुने ।

**गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा गाउँसभाबाट अनुमोदन गर्ने" सम्वन्धी प्रस्ताव**

स्थानीय तहको सर्वोच्च निकायको रुपमा रहेको गाउँसभालाई कार्यकारिणी संस्थाको रुपमा रहेको गाउँ कार्यपालिकाले र गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका काम कारवाहीहरु जानकारी गराई स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुशासन ऐन तथा नियमावली बमोजिम पारदर्शीतालाई प्रबर्द्धन गर्दै विधिको शासनलाई संस्थागत गर्न राक्सिराङ्ग गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ को प्रथम ६ (छ) महिना(हालसम्म)मा गरेका काम, कारवाहीको संक्षिप्त समीक्षा गाउँसभाका सदस्यहरुलाई जानकारी गराउँदै चालु आर्थिक वर्षको ६ (छ) महिनामा भएको तपशिल अनुसारको अर्धवार्षिक समीक्षा अनुमोदन गर्ने ।

## आ.व. २०८०/०८१ को अर्धवार्षिक समिक्षाको संक्षिप्त प्रतिवेदन

राक्सिराङ्ग गाउँपालिकाको सम्मानित सभाको चौधौं अधिवेशनबाट पारित भएको चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यन्वयनको अवस्था निम्नानुसार रहेको छ ।

चालु आर्थिक बर्षको लागि कुल बजेट रु. ६१ करोड २१ लाख २५ हजार १ सय ९७ अनुमान गरिएकोमा हालसम्म ११ करोड ११ लाख १४ हजार ९ सय ७८ रुपैया कुल बजेटको १८ दशमलब १५ प्रतिशत खर्च भएको छ ।

वित्तीय क्षेत्रतर्फ चालु खर्च रु. ३७ करोड १८ लाख २५ हजार १ सय ९७ हुने अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. ९ करोड ८४ लाख ५७ हजार ६ सय ६७ रुपैया (२७ प्रतिशत खर्च) र पुँजीगत तर्फ रु. २४ करोड ३ लाख अनुमान गरिएकोमा समिक्षा अवधिसम्म रु. १ करोड २६ लाख ५७ हजार ३ सय ३१ (करिब ५ दशमलब २७ प्रतिशत) खर्च भएको अवस्था छ ।

यस गाउँपालिकाको चालु आर्थिक बर्षको विषयक्षेत्रगत अर्धवार्षिक वित्तीय प्रगतिको अवस्था निम्नानुसार रहेको कुरा सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

आर्थिक विकास २.८१ प्रतिशत खर्च

सामाजिक विकास २७.७३ प्रतिशत खर्च

पूर्वाधार विकास ७.०३ प्रतिशत खर्च

सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र १५.६५ प्रतिशत खर्च

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र २४ प्रतिशत खर्च

राजस्व संकलन तर्फ कूल अनुमानित आन्तरिक आय रु. ८ करोड ८० लाख २३ हजार रहेकोमा हालसम्म रु. ९ करोड ८७ लाख ४ हजार ८ सय ६० अर्थात कूल अनुमानको करिव ११२ प्रतिशत आय प्राप्त भएको अवस्था छ ।गत आर्थिक बर्षको नगद मौज्दात अनुमान गरिएभन्दा बढ्न गएकोले पनि आन्तरिक आय संकलनमा सकारात्मक प्रतिफल देखिएको हो ।

यसैगरी अन्य स्रोतहरुबाट हालसम्म प्राप्त निकासा निम्नानुसार रहेको छ ।

संघीय सरकारबाट प्राप्त हुने सबै अनुदान ४७ प्रतिशत

प्रदेश सरकारबाट प्राप्त हुने सबै अनुदान ५० प्रतिशत

राजश्व बाँडफाँड ११ प्रतिशत

| क्षेत्रगत बजेट तथा खर्च | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/०९/१४ | | | | |
| सि.न | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ६,२१,५०,०००.०० | १७,४७,८६१.०० | २.८१ |
| २ | सामाजिक विकास | २५,८८,०३,१९७.०० | ७,१७,७३,६८५.२८ | २७.७३ |
| ३ | पूर्वाधार विकास | १८,४४,५०,०००.०० | १,२९,७४,३६३.०० | ७.०३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,२१,६२,०००.०० | १९,०३,१४०.०० | १५.६५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४५,६०,०००.०० | २,२७,१५,९२८.८९ | २४.०२ |
| कुल जम्मा | | ६१,२१,२५,१९७.०० | ११,११,१४,९७८.१७ | १८.१५ |

## आय व्ययको बिवरण

आ.व. : २०८०/८१ महिना : सबै अवधि : २०८०/०४/०१-२०८०/०९/१८

| सि.न | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|---|
| १ | संघीय सरकार | ३२,१५,००,०००.०० | १५,२४,२५,०००.०० | ४७ |
| २ | प्रदेश सरकार | ५,७८,१०,०००.०० | २,८९,०५,०००.०० | ५० |
| ३ | राजस्व बाडफाड | १४,४५,९२,१९७.०० | ३,०१,४१,६३२.९९ | २१ |
| ४ | अन्तरिक श्रोत | ८,८०,२३,०००.०० | ९,८७,०४,८६०.६८ | ११२.१४ |
| | जम्मा | ६१,१९,२५,१९७.०० | ३१,०१,७६,४९३.६७ | ५०.६८ |
| सि.न | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| १ | चालु | ३७,१८,२५,१९७.०० | ९,८४,५७,६६७.१७ | २७ |
| 2 | पूंजीगत | २४,०३,००,०००.०० | १,२६,५७,३३१.०० | ५.२७ |
| | जम्मा | ६१,२१,२५,१९७.०० | ११,११,१४,९७८.१७ | १८.१५ |

चालु आर्थिक वर्षमा गाउँसभाद्वारा स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देहायका प्रमुख समस्या तथा चुनौतिहरु देखिएका छन् ।

- वडाहरुमा उपभोक्ता समितिबाट सम्पादन हुने योजनाहरुको लागि समयमै उपभोक्ता समिति गठन नहुनु।
- सामुदायिक भवन, चर्च, मन्दिर, गुम्बा लगायतका भवन निर्माण सम्बन्धि कार्यमा नियामक निकायबाट प्राप्त निर्देशन कार्यान्वयन गर्दा प्रकृयागत प्रशासनिक जटिलता बढ्नु ।
- संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित अनुदानहरु समयमै निकासा नहुनु ।
- गाउँपालिका कार्यालय र अन्तर्गतका वडाहरुमा पर्याप्त भौतिक संरचना नहुनु तथा कर्मचारीको अभाव हुनु।

गाउँपालिकाको योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन तथा सोको संरक्षण र दीगो उपयोगमा संलग्न सबै पक्षहरु दत्तचित्त भएर लाग्नसके पूर्वनिर्धारित लक्ष्य हासिलगर्न सकिने देखिन्छ ।

निर्णय नं. ३:

गाउँपालिकाको न्यायिक समितिको मिति २०७९ माघ हालसम्मको गतिविधि तथा सबै वडाहरुमा गठन गरिएको
मेलमिलापकर्ताहरुको नाम सम्बन्धमा न्यायिक समिति संयोजक एवम गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्ग ज्युले
पेश गर्नुभएको प्रतिवेदनमाथि छलफल गरि स्वीकृत गरीयो । गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लले स्थानीय
सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम न्यायिक समितिको बार्षिक प्रतिवेदन मिति २०८०/०९/२३
गते बस्ने राक्सिराङ्ग गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको प्रथम बैठकमा छलफलका लागि न्यायिक समितिको
प्रतिवेदन तथा मेलमिलापकर्ताहरुको नाम अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव निम्नानुसार प्रस्तुत गर्नुहुने ।

गाउँ सभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा मेलमिलाप
कर्ताहरुको नाम अनुमोदन गर्ने" सम्वन्धी प्रस्ताव

स्थानीय स्तरमा देखिने सामान्य देवानी प्रकृतिका विवादहरुलाई स्थानीयस्तरमै निरुपण गर्न स्थानीय तहमा एँक न्यायिक
समितिको परिकल्पना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ (२) मा न्यायिक समितिले
स्थानीय न्यायिक समितिले एक वर्षमा गरेको कामको वार्षिक विवरण अध्यक्ष मार्फत सार्वभौम सभालाई गराउनु पर्ने
व्यवस्था भएको र राक्सिराङ्ग गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४ को दफा ६० (२)
मा प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलाप कर्ताको सुची समितिले सभाबाट अनुमोदन गराउनु पर्नेछ भन्ने व्यवस्था
रहेकोले न्यायिक समितिले मेलमिलापको माध्यमबाट विवाद मिलाउन वडा स्तरमा सुचीकृत भए गरेका मेलमिलाप
कर्ताको नाम समेत सभाबाट अनुमोदन गर्ने ।

## न्यायिक समितिको वार्षिक प्रतिवेदन

### २०७९ माघ देखि २०८० पौषसम्म

नेपालको संविधानको धारा २१७ को कार्यान्वयनको लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा
४६ अनुसार राक्सिराङ्ग गाउँसभाले २०७५ सालमा न्यायिक समिति गठन गरिसकेको छ । न्यायिक समितिको
संयोजकमा श्री बनस्तम थिङ सदस्यहरुमा श्री हरि बहादुर प्रजा र श्री सजिना मुक्तान नेपाली रहनुभएको छ
भने न्यायिक सहजकर्तामा श्री डिना हिम्डुङ्गले कामकाज गरिरहेको अवस्था छ । त्यसै गरी पालिका भित्रका
प्रत्येक ९ वटै वडाहरुमा ४८ घण्टे तालिम प्राप्त २७ जना मेलमिलापकर्ताहरु सुचिकृत गरी मेलमिलाप कार्य
प्रत्येक वडाहरुमा सञ्चालन गरिदै आएको छ।

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को (१) र (२) मा न्यायिक समितिलाई २ प्रकारले
न्याय निरुपन गर्ने अधिकार प्रदान गरेको छ ।

क) विवाद वा विवादको सुनुवाई गरी निरुपण गर्ने अधिकार
ख) मेलमिलाप वा मिलापत्रको माध्यमबाट मात्र विवाद निरुपण गर्ने अधिकार

यद्यपि सुनुवाई मार्फत विवादको निरुपण गर्ने विवादमा पनि न्यायिक समितिले सुरुमा मेलमिलाप/मिलापत्र गराउने प्रयास गर्नु पर्दछ । यदि मेलमिलापको प्रयास असफल भएमा मात्र सुनुवाईको प्रकृया अपनाइ न्याय निरुपण गर्नुपर्दछ।

२०७९/०८० असार मसान्त सम्मको न्यायिक समिति समक्ष उजुरी दर्ता सख्या ६ वटा रहेको जसमध्य २ वटा विवाद दुवै पक्षको सहमतिमा मेलमिलाप प्रकृयाद्धारा मिलापत्र भएको र ४ वटा विवाद छलफलमा सहमति हुन नसकेकोले कानूनी प्रकृयाको बारेमा जानकारी दिई सम्बन्धित निकायमा पठाएको, दर्ता भएका विवादहरुमा लेनदेन सम्बन्धि २ , अंशबन्डा सम्बन्ध १, भवन निर्माण सम्बन्धि १ ,जग्गा सम्बन्ध १, ज्याला मजदुरी सम्बन्ध १ रहेको छ भने न्यायिक समिति बैठक संख्या ६ रहेको छ । त्यसै गरी २०८०/०८१ साउन देखी हाल पौष मसान्त सम्मको उजुरी सख्या २ रहेका छन जस मध्य १ वटा विवाद दुवै पक्षको सहमतीमा मिलापत्र भएको र १ वटा विवाद विपक्षीलाई पटक पटक पेशी तोक्दा पनि उपस्थित नहुने गरेको र दर्ता हुने विवादहरु लेनदेन सम्बन्धि रहेको छ ।

त्यसै गरी "राक्सिराङ्ग गाउँपालिकामा मेलमिलाप कार्यसञ्चालन कार्यविधि २०७७" को दफा २४ अनुसार हरेक वडाका मेलमिलाप केन्द्रहरुले वार्षिक प्रतिवेदन न्यायिक समिति समक्ष पेश गर्नु पर्ने भएको हुँदा वडा नं ३ मेलमिलाप केन्द्रबाट २०७९/११/१ देखी २०८० असार मसान्त सम्म ६ वटा विवाद दर्ता भइ मिलापत्र भएको,वडा नं ८ मेलमिलाप केन्द्रमा ३ विवाद समाधान भएको, वडा नं ६ मेलमिलाप केन्द्रमा ३,वडा नं १ मेलमिलाप केन्द्रमा १ गरी जम्मा १४ वटा विवाद मेलमिलाप केन्द्रमा दर्ता भइ मिलापत्र भएको थियो भने २०८०/०८१ साउन देखी हाल पौष मसान्त सम्म वडा न २ मेलमिलाप केन्द्रमा विवाद र वडा नं ९ मेलमिलाप केन्द्रमा १ गरी जम्मा २ वटा विवाद दर्ता भई मिलापत्र भएको थियो । वडा नं ४, ५ र ७ मेलमिलाप केन्द्रहरुमा २०७९ पौष देखी हाल २०८० साउन सम्म कुनै प्रकारका उजुरीहरु पेश नभएको तर मेलमिलाप केन्द्रमा रहेर कानुनी प्रक्रियाहरुको बारेमा सचेतना गराइरहेको भनि न्यायिक समिति समक्ष मौखिक जानकारी प्राप्त भएको थियो ।
त्यसका साथै राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति मार्फत मिति २०८०/०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार मिति २०८०/०८/१७ देखि २०८०/०८/१९ गते सम्म मेलमिलाप कर्ताहरुको क्षमता बृद्धि गर्ने उदेश्यले पालिका भित्रका ९ वटै वडाका २७ जना मेलमिलाप कर्ताहरुका लागि पुर्नताजगी तालिम सञ्चालन गरिएको थियो जसमा सहभागीहरुलाई प्रशिक्षकद्धारा प्रयोगात्मक तरिकाले प्रभावकारी रुपमा प्रशिक्षण गर्नु भएको थियो ।त्यसै गरी मिति २०८०/०८/२४ देखि २०८०/०९/४ गते सम्म पालिका भित्रका प्रत्येक मेलमिलाप केन्द्र अर्थात वडा कार्यालयहरुमा मेलमिलाप कर्ता ,नेतृत्व गर्न सक्ने महिला,टोल विकासका संयोजकहरुका लागि कानुनी परामर्श सम्बन्धि १ दिने गोष्ठि सञ्चालन गरिएको थियो ।सो गोष्टिमा सहभागि महिला तथा टोल विकासका संयोजकहरुसंग छलफल भई सो छलफलमा पालिकाले कस्तो खालका कार्यक्रमहरु समेटिनसके विवाद कम हुने थियो र यसमा महिला तथा पुरुषहरुले कस्तो खालका भूमिका निर्वाह गर्न सकिएला भन्ने विषयमा सुझाव तथा विचारहरु व्यक्त भएको थियो, भने कार्यक्रमको मूल उदेश्य

भनेको नै स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) र (२) अन्तर्गतको विवाद वा विवादको सुनुवाई गरी निरुपण गर्ने विवाद मेलमिलाप वा मिलापत्रको माध्यमबाट मात्र निरुपन गर्ने २४ वटा विवादहरु पालिका भित्रका प्रत्येक नागरिकले जानकारी पाउन भन्ने उदेश्यका साथ फोटो सहितको ब्रोसर सहभागी प्रत्येक व्यक्तिलाई तथा टोल विकास संयोजकहरुलाई गरिएको थियो । यसको मूल उदेश्य भनेको नै स्थानिय तह मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा दर्ता हुने विवाद सबै नागरिकले थाहा पाउन र अन्यायमा परेका व्यक्तिले समयमा न्याय पाउन साथै सो विवादहरुको हदम्याद , हकदैया सबै नागरीकले थाहा पाउन भन्ने नै हो ।त्यसै गरी पालिका भित्रका कतिपय मेलमिलाप केन्द्रहरुमा मेलमिलाप कर्ता, विवादका पक्षहरु एवं सरोकारवालाहरुको सुविधाको लागी मेलमिलाप कक्षमा आवश्यक कुर्सी,दराज,टेवलको व्यवस्था गरी मेलमिलाप केन्द्र चिनाउनका लागि होर्डिङ बोर्ड (साईन बोर्ड) को व्यवस्थापन गरिएको हो ।

अन्त्यमा राक्सिराङ्ग गाउँपालिका अन्तर्गतको न्यायिक समितिको मुख्य उदेश्य भनेको नै अन्यायमा परेका महिला, दलित, अपाङ्गगता भएका व्यक्ति, द्धन्दपीडित, गरीबिको रेखामुनी रहेका बिपन्न बर्ग लगायतका विभिन्न समुदायका मानिसहरु न्यायवाट बञ्चित हुन नपरुन ,विना गल्ती,कसुर कोही पनि न्यायिक सजायको भागिदार बन्न नपरोस, सवैले निष्पक्ष न्यायको महसुस गर्न सकुन र सम्पूर्ण नागरिकले सम्मानपुर्वक बाँच्न पाउने हक तथा मौलिक हक अधिकारको बारेमा जानकारी पाउन सकुन भन्ने रहेको छ । न्यायिक समिति र मेलमिलापकर्तालाई निष्पक्ष ढँगले प्रभावकारी न्याय सम्पादन गर्ने गराउँने तर्फ न्यायिक समिति विभिन्न कार्यक्रमको साथमा अघि बढिरहेको छ ।

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति अन्तर्गतका ९ वटै वडाका मेलमिलाप कर्ताहरुको नामावली:

| क्र.स | मेलमिलाप कर्ताको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रताप चेपाङ | राक्सिराङ्ग-१ | ९८५५०६९७१५ | |
| २ | श्री प्रेमलाल मुक्तान | राक्सिराङ्ग-१ | ९८४५५९९५३५ | |
| ३ | श्री मनिषा स्याङ्तान | राक्सिराङ्ग-१ | ९८१९२२७११८ | |
| ४ | श्री सुब बा.घलान | राक्सिराङ्ग-२ | ९८४५५९९५३१ | |
| ५ | श्री सविन लामा थिङ | राक्सिराङ्ग-२ | ९८४५२८७०६३ | |
| ६ | श्री टिका माया राणा मगर | राक्सिराङ्ग-२ | ९७४५६५१७२९ | |
| ७ | श्री कविता बल | राक्सिराङ्ग-३ | ९८४५६०५८१८ | |
| ८ | श्री चित्र बाहादुर थिङ | राक्सिराङ्ग-३ | ९८४५१२६४७९ | |
| ९ | श्री थल बा. थापा | राक्सिराङ्ग-३ | ९८४०१८८०८० | |
| १० | श्री विश्वलाल थिङ | राक्सिराङ्ग-४ | ९७४२२२४६१४ | |
| ११ | श्री कोपिला गोले | राक्सिराङ्ग-४ | ९८४५१४९०२५ | |
| १२ | श्री राज नेगी | राक्सिराङ्ग-४ | ९८६०११८८४९ | |
| १३ | श्री सुदिप प्रजा | राक्सिराङ्ग-५ | ९८६०२२२१९० | |
| १४ | श्री विमला बल | राक्सिराङ्ग-५ | ९८६५०२५११९ | |

| क्र.स | मेलमिलाप कर्ताको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १५ | श्री विपि मायाँ मुक्तान | राक्सिराङ्ग-५ | ९८४९७०१२३२ | |
| १६ | श्री राजन तामाङ | राक्सिराङ्ग-६ | ९८४५६२७१९२ | |
| १७ | श्री चन्द्री मायाँ चेपाङ | राक्सिराङ्ग-६ | ९७४४३४१५३८ | |
| १८ | श्री खुशी मायाँ मुक्तान | राक्सिराङ्ग-६ | ९८११८४८६८८ | |
| १९ | श्री काली बहादुर प्रजा | राक्सिराङ्ग-७ | ९८४४२०१८४० | |
| २० | श्री जुनी मुक्तान | राक्सिराङ्ग-७ | ९८४४२४८३०५ | |
| २१ | रिखी मायाँ प्रजा | राक्सिराङ्ग-७ | ९८४०१११८१५ | |
| २२ | साजन पाखिन | राक्सिराङ्ग-८ | ९८४०८२८११५ | |
| २३ | श्री यम कुमार प्रजा | राक्सिराङ्ग-८ | ९८४३१२६४७१ | |
| २४ | श्री प्रमिला प्रजा | राक्सिराङ्ग-८ | ९७४८३७६२७३ | |
| २५ | सिंगलाल रुम्बा | राक्सिराङ्ग-९ | ९८४५४२६३४४ | |
| २६ | श्री हल बहादुर प्रजा | राक्सिराङ्ग-९ | ९८६४१५७९९४ | |
| २७ | श्री रुद्र कुमारी अर्याल | राक्सिराङ्ग-९ | ९८६११५६१६५ | |

निर्णय नं. ४:

राक्सिराङ्ग गाउँसभाको चौधौं अधिवेशनबाट पारित चालु आर्थिक बर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेटमाथि गाउँकार्यपालिकाको विभिन्न बैठकबाट भएको रकमान्तर, शीर्षक संशोधन तथा योजना थप सम्बन्धी निर्णयहरु अनुमोदन गर्ने तथा अन्य थप संशोधनहरु गर्ने सम्बन्धमा कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुबाट प्राप्त रायको आधारमा समेत चालु आर्थिक बर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धी प्रस्ताव गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्गले गाउँसभा समक्ष निम्नानुसार प्रस्तुत गर्नुहुने ।

**गाउँ सभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने" सम्वन्धी प्रस्ताव**

स्थानीय सरकारमा सर्वोच्च तहको निकायको रुपमा रहेको गाउँसभाले नीति, कानुन तथा बजेट बनाउने, संशोधन गर्ने तथा कार्यपालिकाबाट भए, गरेका काम, कारवाहीको नियमन र नियन्त्रण गर्ने गर्दछ । गाउँपालिकाको बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका क्रममा योजना तथा कार्यक्रमको नाममा भएको त्रुटि तथा विविध कारणले तत्काल कार्यान्वयन हुन नसकिने र तात्कालिक आवश्यकताको कारणले नयाँ शीर्षकमा बजेट विनियोजन गर्नुपर्ने अवस्थामा स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकार प्रयोग गरेर गाउँ कार्यपालिकाको विभिन्न बैठकले गरेको रकमान्तर तथा संशोधन सम्वन्धी निर्णयलाई स्थानीय सरकारको सर्वोच्च निकायको रुपमा रहेको गाउँ सभाबाट अनुमोदन गराउनुपर्ने हुन्छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक वजेट तथा कार्यक्रममाथि गाउँकार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेको रकमान्तर तथा योजना थप सम्बन्धी तपसिलका निर्णय अनुमोदन गर्दै विभिन्न कार्यक्रम तथा योजनाका शीर्षकलाई तपसिल अनुसार संशोधन तथा थप गर्ने ।

चालु आर्थिक बर्षको लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरि देहायका योजना तथा कार्यक्रमहरु थप गर्ने ।

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | खर्च ब्यहोर्ने स्रोत |
|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल तथा सडक संरक्षण पिप्ले तटबन्धन | वडा नं.०३ | ५००००० | |
| २ | सिलाधुनी खोर भन्ज्याङ्ग तटबन्ध यौजना | वडा नं.०६ | ७००००० | |
| ३ | गर्लिङ्ग सामुदायिक स्वास्थ्य ईकाइ शौचालय निर्माण | वडा नं.०७ | २५०००० | |
| ४ | देबीटार आधारभुत स्वास्थ्य इकाई शौचालय निर्माण तथा संरक्षण | वडा नं.०८ | २५०००० | |
| ५ | १०+२ संचालन तथा व्यवस्थापन अनुदान राष्ट्रिय मा वि सिलिङ्गे | वडा नं.०६ | २००००० | |
| ६ | भाङ्गती खोला खानेपानी निर्माण | वडा नं.०६ | २५०००० | |
| ७ | साबाल मैदानी सडक स्तरीकरण | वडा नं.०४ | ६००००० | |
| ८ | खवासे खानेपानी योजना | वडा नं.०५ | ४००००० | |
| ९ | माथिल्लो कक्षाका विद्यार्थी तथा अभिभावकका लागि वृत्ती विकास सम्बन्धि परामर्श कार्यक्रम | सबै मावि | ५००००० | |
| | जम्मा | | ३६५०००० | |

गाउँ कार्यपालिकाको विभिन्न बैठकले रकमान्तर गर्ने गरि तपशिलका योजना तथा कार्यक्रमहरु थप गर्ने सम्बन्धि तपशिलका निर्णयहरु अनुमोदन गर्ने ।

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| १ | IT Lab स्थापना, सुदृढीकरण एवम् Dgital Library व्यवस्थापनका | | १०८०००६ | कार्यपालिकाको बैठक संख्या ०१-०८०/०८१ को निर्णय नं ८ |
| २ | प्राविधिक सहायक (वन तथा वातावरण संरक्षण) पाँचौ तहको तलब भत्ता तथा अन्य सुविधाका | | ५००००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ |
| ३ | राक्सिराङ्ग गाउँपालिका वडा नं ९ मा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट बुरुङ्गदी तर्लिङ्ग लिफ्ट सिंचाई योजनाको लागि केन्द्रसँग गरिएको प्रतिवद्धता बमोजिम | | ३००००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ |
| ४ | राक्सिराङ्ग गाउँपालिका वडा नं ३ कार्यालय भवन मर्मत तथा स्तरोन्नतीको लागि वडा कार्यालय भवन निर्माण | | १०००००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ |

| सि.नं. | योजनाको नाम | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| ५ | राक्सिराङ्ग आधारभूत अस्पताललाई थप व्यवस्थित बनाइ सेवा प्रवाहमा स्तरोन्नती कार्यका लागि कर्मचारीको आवास निर्माण | | २५००००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ |
| ६ | बृहत तीज विशेष कार्यक्रम | | २५००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ |
| ७ | मनहरी गाउँपालिका वडा नं ७ द्वारा आयोजित फुटबल प्रतियोगितामा सहभागी भएबापत | | २५००० | कार्यपालिकाको बैठक संख्या ०२-०८०/०८१ को निर्णय नं ८ विविध |
| ८ | उद्यम विकास सहजकर्ताका लागि गापा स्तरीय लागत सहभागिताका लागि | | ६००००० | कार्यपालिकाको बैठक संख्या ०३-०८०/०८१ को निर्णय नं १० विविध |
| ९ | जनप्रतिनिधी तथा कर्मचारीहरुको बीचमा मैत्रीपूर्ण खेल | | १५०००० | कार्यपालिकाको बैठक संख्या ०३-०८०/०८१ को निर्णय नं १० विविध |
| १० | वृत्तचित्र निर्माण कार्य | | ३६०००० | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं ८ बाट |
| ११ | राक्सिराङ्ग आधारभुत अस्पताल एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको अनुरोध बमोजिम एम्बुलेन्स संचालनका लागि माग भई आएको रकम सम्बन्धित समितिलाई उपलब्ध गराउने | | ७६७०२ | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं ८ बाट |
| १२ | जलपरी झरना तथा चमेरो गुफाको रेखदेख तथा सरसफाईका लांगी मसिक ५००० का दरले श्रावण देखि कार्तिक मसान्त सम्म उपलब्ध गराउने | | २०००० | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं ८ बाट |
| १३ | जिल्ला भलिवल कार्यक्रमा सहभागी खेलाडीहरुका लागि व्यवस्थापन तथा यातायात खर्च रकम उपलब्ध गराउने | | ३५००० | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं ८ बाट |
| १४ | मिस्टर मकवानपुर २०८० कार्यक्रमका लागि आर्थिक सहयोग उपलब्ध गराउने | | २५००० | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं ८ बाट |

गाउँ कार्यपालिकाको बैठक नं ४/८०/८१ को निर्णय नं ६ अनुसार राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को विशेष अनुदान अन्तर्गत खोरियापाटो सुधार तथा खाद्य सुरक्षा कार्यक्रमको तपशिल बमोजिम विस्तृत कार्यक्रमहरु सम्बन्धि निर्णय अनुमोदन गर्ने

| सि नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | एक टोल एक उत्पादन | ८००००० | |
| २ | फलफुल खेती विस्तार कार्यक्रम | ५००००० | |
| ३ | रैथाने बाली प्रर्बद्धन कार्यक्रम | ४००००० | |
| ४ | उन्नत बिउ वितरण कार्यक्रम | ३००००० | |
| ५ | आकस्मिक बाली संरक्षण कार्यक्रम | ३००००० | |
| ६ | स्थानीय असला माछा संरक्षणका लागि पोखरी निर्माण तथा खोल्छी सुधार | ६००००० | |
| ७ | प्राङगारिक मल उत्पादन कार्यक्रम | २००००० | |
| ८ | सिताके च्याउ खेति कार्यक्रम | २००००० | |
| ९ | बालि विशेष खेती प्रवर्द्धन कार्यक्रम | १०००००० | |
| १० | स्थानीय उत्पादनको बजारीकरण, महको गुणस्तर अभिबृद्धि तथा प्रर्बद्धन | ५००००० | |
| ११ | उन्नत प्रविधिमा बिस्तार तथा पशु सेवा सम्बन्धि तालिम | २००००० | |
| १२ | उन्नत जातको गाइ पालनमा अनुदान | ८००००० | |
| १३ | व्यवसायिक पशुपंक्षीपालन प्रवर्द्धन कार्यक्रम | ४००००० | |
| १४ | मौरी प्रबर्द्धन कार्यक्रम | ५००००० | |
| १५ | पशु आहारा आत्मनिर्भर तथा पौष्टिक उत्पादन कार्यक्रम | ३,००,००० | |
| | जम्मा | ७०,००,००० | |

चालु आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम तथा बजेट बाट निम्नानुसार कार्यक्रम तथा योजना संशोधन सम्बन्धी यस अघि कार्यपालिकाले गरेका निर्णयहरु अनुमोदन गर्ने र यस अघि निर्णय नभएका तपसिलका कार्यक्रम तथा योजना समेत संशोधन गर्ने ।

| साबिकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट | कैफियत |
| १ | ठुलोभावर मन्दिर तारबार | वडा नं.०१ | १५०००० | वडा | १ | दर्लामी भुमेथुम मोटरबाटो सरसफाई | १५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट |
| २ | युवा खेलकुद कला तथा संस्कृति | वडा नं.०१ | १५०००० | वडा | २ | गौदान दुंगु काठेपुल निर्माण | १५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट |
| ३ | गोकर्णेश्वर महादेव सानोभावर चोक सम्म स्ल्याव ढलान | वडा नं.०१ | ५००००० | वडा | ३ | खंरगा सानोभावर मोटरबाटो स्तरिकरण | ५००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |

| साबिकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट | कैफियत |
| ४ | भाट्टी ठुलो भावर खानेपानी मर्मत | वडा नं.०१ | २००००० | वडा | ४ | खोलाटार खानेपानी तथा सरसफाई योजना | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ५ | प्रजा प्रगति आ.बि. भवन रंगरोगन | वडा नं.०२ | ३००००० | वडा | ५ | प्रजा प्रगति आ.बि. फर्निचर खरिद | ३००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ६ | मार्ग दर्शन चर्च भवन कम्पाउण्ड निर्माण | वडा नं.०२ | २५०००० | वडा | ६ | पारेघाट खानेपानी टंकी निर्माण | २५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ७ | प्रतिज्ञा चर्च भवन मर्मत | वडा नं.०२ | २५०००० | वडा | ७ | ताङराङ कुलो सिंचाई योजना | २५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ८ | गोठडाँडा दर्शन मण्डली चर्च | वडा नं.०२ | ४००००० | वडा | ८ | कराम्चे हुदै गोम्बा डाडा बेसेडाडा सडक निर्माण | ४००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ९ | म्याथोडिज चर्च शौचालय निर्माण | वडा नं.०३ | ७५००० | वडा | ९ | वडा कार्यालय व्यवस्थापन फर्निचर खरिद | ७५००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १० | टयांकी भन्ज्याङ्ग हुदै दोङटोल शाखा बाटो आलखोप | वडा नं.०३ | ३००००० | वडा | १० | टयांकी भन्ज्याङ्ग कृषी सडक स्तरोन्नती | ३००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| ११ | कोलडाँडा खोर भन्ज्याङ साउने खोला कोलाङती सडक | वडा नं०३ | ५००००० | गापा | ११ | कोलडाँडा सडक स्तरोन्नती | ५००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १२ | सरिखेत शिब मन्दिर ठाटि निर्माण | वडा नं.०३ | २००००० | वडा | १२ | ब्रम्हा आश्रय महादेव मन्दिर | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १३ | समूह घर निर्माण योजना | वडा नं.०३ | १५०००० | वडा | १३ | साङ्गे छोईलिङ्ग गुम्बा मुर्ति निर्माण | १५०००० | वडा | कार्यपालिकाको बैठक संख्या |

| साबिकको योजना | | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट | कैफियत |
| | | | | | | | | | ०५/२०८०/०८१ निर्णय नं ८ |
| १४ | सिउरानी,गैंहुबारी,माथिल्लो केराबारी नाली निर्माण योजना | वडा नं.०३ | ३००००० | वडा | १४ | सिउरानी,गैंहुबारी,माथिल्लो केराबारी सडक चौडा योजना | ३००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १५ | दमार आलखोप सडक स्तरिकरण | वडा नं.०३ | ५००००० | गापा | १५ | दमार आलखोप सडक चौडा स्तरिकरण | | | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १६ | कालिका माबि शौचालय निर्माण तथा बिद्यालय मर्मत | वडा नं.०४ | २५०००० | वडा | १६ | कालिमा माबि ट्रष्ट भवन निर्माण | २५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १७ | गौथलीटार चर्च संरक्षण मेशिनरी वाल निर्माण | वडा नं.०४ | ३००००० | वडा | १७ | गौथलीटार सिंचाई कुलो निर्माण | ३००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १८ | देबीटार निमाबि तटबन्धन | वडा नं०४ | ३००००० | गापा | १८ | श्री आधारभुत बिद्यालय देवीटार तटबन्धन | ३००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| १९ | विन्देश्वरी प्रा.बि.छानो मर्मत तथा फर्निचर निर्माण | वडा नं.०४ | २५०००० | वडा | १९ | विन्देश्वरी प्रा.बि. भवन मर्मत | २५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| २० | चैनपुर कुनाटोल अस्पताल जाने सडक स्ल्याप नाला निर्माण | वडा नं.०५ | ९००००० | गापा | २० | चैनपुर कुनाटोल अस्पताल जाने सडक स्ल्याप नाला निर्माण तथा सिङराङ हुदै ट्र्याक ओपन | ९००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ |
| २१ | ठाडेचुरी इसिडी भवन शौचालय निर्माण | वडा नं.०५ | २००००० | वडा | २१ | ठाडेचुरी खानेपानी मर्मत तथा ब्यबस्थापन | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २२ | रानीवाङ चर्च मर्मत | वडा नं.०५ | २००००० | वडा | २२ | झिल्के मनिला प्रतिछालय निर्माण | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ |

| साबिकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट | कैफियत |
| | | | | | | | | | निर्णय नं ८ बाट अनुमोदन भएको |
| २३ | कालिका देबी मन्दिर तथा जुरेथुम प्रतिचछालय निर्माण | वडा नं.०७ | २००००० | वडा | २३ | दिब्याश्वरी मन्दिर निर्माण ढोलडाँडा | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २४ | जावाराङ चरिमारा सडक स्तरिकरण | वडा नं.०७ | ६००००० | गापा | २४ | जावाराङ चरिमारा बेसिटोल ऋर्कुलिङ गर्लिङ वडा कार्यालय सडक सर सफाई तथा निर्माण | ६००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २५ | छाकुन खर्लिङ्ग जोड्ने सडक | वडा नं.०७ | ६००००० | गापा | २५ | छाकुन खर्लिङ्ग सडक मर्मत तथा ट्र्याक ओपन | ६००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २६ | गोङगोरङ तालिका सडक स्तरिकरण तथा नयाँ ट्र्याक सडक | वडा नं.०८ | ४००००० | वडा | २६ | दमार देखी तालुका वडा कार्यालय नयाँ ट्र्याक सडक निर्माण | ४००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २७ | तम्काटार सामुदायिक भवन निर्माण (जयजे) | वडा नं०८ | २००००० | वडा | २७ | तम्काटार जयजे खानेपानी योजना | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २८ | याएस मण्डली भवन चर्च मर्मत | वडा नं.०८ | ३००००० | वडा | २८ | यावेश मण्डली भवन चर्च मर्मत | ३००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| २९ | डन्टार कोखारी सडक स्तरउन्नती | वडा नं.०९ | ८००००० | गापा | २९ | डन्टार तर्लिङ्ग जोगिटोल सडक मर्मत | ८००००० | गापा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३० | दलित सामुदायिक भवन निर्माण | वडा नं.०९ | ४००००० | वडा | ३० | दलित आयआर्जन पाडी पालन सहयोग | ४००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ |

| साबिकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट | कैफियत |
| | | | | | | | | | निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३१ | चेउराङ पेल्ट्रिकसेट मर्मत | वडा नं.०९ | १००००० | वडा | ३१ | चेउराङ सडक मर्मत | १००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३२ | अठारे खोप केन्द्र मर्मत | वडा नं.०९ | २००००० | वडा | ३२ | गैजुराङ्ग सोलार पम्प खानेपानी मर्मत | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३३ | अठारे महिला भवन मर्मत | वडा नं.०९ | २००००० | वडा | ३३ | अठारे महिला भवन फर्निचर खरिद | २००००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३४ | महारा तटबन्धन निर्माण | वडा नं.०९ | १७५०००० | वडा | ३४ | डन्टार हुँदै ऋसिङ्गटार स्लाब ढलान | १७५०००० | वडा | कार्यपालिकाको बैठक संख्या ०५/२०८०/०८१ निर्णय नं ८ बाट अनुमोदन भएको |
| ३५ | तामाङ्ग संग्राहलय भवन निर्माण रा ९ | | ७००००० | | | कोखारी पार्सिवाङ चेपाङ्ग सामुदायिक होमस्टे तथा संकलन केद्र राक्सिराङ्ग ९ | १६०००० | | कार्यपालिकाको बैठक संख्या ०४/२०८०/०८१ निर्णय नं  बाट अनुमोदन भएको |
| ३६ | चेपाङ्ग होमस्टे जमघट केन्द्र व्यवस्थापन रा ९ | | ९००००० | | | | | | |

निर्णय नं. ५:

राक्सिराङ्ग गाउँ पालिकाकाको गत आब २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा उपर कार्यापालिका अन्तर्गतको सुशासन तथा संस्थागत विकास समितिबाट प्राप्त राय समेतको आधारमा पुनरावलोकन गरी अन्तिम नतिजाको रुपमा गाउँपालिकाबाट स्वीकृत गर्ने । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ दफा ४ उपदफा १ बमोजिम उक्त प्रतिवेदन गाउँसभामा छलफल गरी स्वीकृति गर्नको लागी मिति २०८०/०९/२३ गतेको राक्सिराङ्ग गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजामाथि छलफल गर्ने सम्बन्धी प्रस्ताव कार्यपालिका सदस्य एवम सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री वावीराम मुक्तानले निम्नानुसार पेश गर्नुहुने ।

**गाउँ सभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन नतिजा माथी छलफल गर्ने" सम्बन्धी प्रस्ताव**

स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको वीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम एवं प्रभावकारी बनाउन गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, नतिजामुखी र नागरिक केन्द्रित वनाई सुशासनलाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी सूचकसमेत पठाएको र सो सूचक अनुरुप यस राक्सिरा॓ गाउँपालिकाले गत आर्थिक वर्षमा भए गरेका कार्यहरुको अंकभार समेत स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड "च", "ज" र "ट" मा स्वमूल्यांकन नतिजाको प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरी अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गरी सभामा छलफल गरी स्विकृतीको लागि पेश गर्नुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाको मुल्याङ्कन बर्ष २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा गाउँसभामा छलफल गर्ने ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा २०८०

अनुसुचीः–६
मुल्याङ्कन तालिका
राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर,मकवानपुर

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | **सूचक क्षेत्र १ : सगठन तथा प्रशासन** | | | |
| १ | १.१.१ | सभाको सञ्चालन प्रक्रिया | १ | १ | |
| २ | १.१.२ | कार्यपालिकाको निर्णय प्रक्रिया | १ | १ | |

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| ३ | १.१.३ | सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून ( ऐन,नियम,निर्देशिका,कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | १ | १ | |
| ४ | १.२.१ | सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धि कार्यविधि | १ | १ | |
| ५ | १.२.२ | कार्यपालिकाको बैठक सञ्चालन(बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णय असहमति आदी ) | १ | १ | |
| ६ | १.२.३ | आन्तरिक नियन्त्रण प्रणाली | १ | ० | |
| ७ | १.२.४ | स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ती विवरण | १ | १ | |
| ८ | १.३.१ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | १ | १ | |
| ९ | १.३.२ | लेखा प्रणालीमा SUTRA को प्रयोग | १ | १ | |
| | | **जम्मा** | **९** | **८** | |

## सूचक क्षेत्र २ : शासकीय प्रबन्ध

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १० | २.१.१ | गाउ नगरपालिकाको क्षमता विकास | १ | ० | |
| ११ | २.१.२ | प्रतिवेदन तथा विवरण प्रेषण | १ | ० | |
| १२ | २.२.१ | विषयगत विभाग, महाशाखा, शाखा, उपशाखा,एकाईहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण | १ | १ | |
| १३ | २.२.२ | स्थायी पदपुर्ती नगर्ने भनिएका पदहरुमा करारवाट मात्र पदपुर्ती | १ | १ | |
| १४ | २.२.३ | कर्मचारीहरुको कार्यसम्पादन सम्झौता | १ | १ | |
| १५ | २.३.१ | जनशक्ति क्षमता विकासमा लगानी | १ | ० | |
| १६ | २.३.२ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति(दिन) । (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत) | १ | १ | |
| १७ | २.३.३ | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | १ | १ | |
| | | **जम्मा** | **८** | **५** | |

## सूचक क्षेत्र ३ : क्षेत्र वार्षिक बजेट तथा योजना

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १८ | ३.१.१ | वार्षिक बजेट तथा कार्यक्रम र योजना तर्जुमा | १ | १ | |
| १९ | ३.१.२ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा संवद्ध समिति र समन्वय | १ | १ | |
| २० | ३.२.१ | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | १ | ० | |
| २१ | ३.२.२ | विषयक्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण | १ | १ | |

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| ४२ | ५.१.३ | सेवा प्रतिको सन्तुष्टी | १ | १ | |
| ४३ | ५.२.१ | सेवा प्रवाहमा प्रविधिमा आधारित टोकन,अनलाइन राजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग | १ | ० | |
| ४४ | ५.२.२ | सेवा प्रवाहको मापदण्ड (SOP) | १ | ० | |
| ४५ | ५.२.३ | बैङ्गिग प्रणालीबाट भुक्तानी | १ | ०.५ | |
| ४६ | ५.२.४ | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था | १ | ०.५ | |
| ४७ | ५.३.१ | गुनासो फछ्यौट | १ | १ | |
| ४८ | ५.३.२ | सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी | १ | १ | |
| ४९ | ५.३.३ | जन्मेको मितिले ३५ दिनभित्र दर्ता भएको कूल जन्मदर्ता संख्या | १ | १ | |
| ५० | ५.३.४ | सार्वजनिक सुनवाई | १ | १ | |
| ५१ | ५.३.५ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग घुम्ती सेवाका क्षेत्रहरु (खोप,भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवाहरु व्यक्तिगत घटना दर्ता आदि) | १ | १ | |
| ५२ | ५.३.६ | शिक्षामा सबै बालबालिकाको पहुँच | १ | ०.५ | |
| ५३ | ५.३.७ | स्वास्थ्य सेवामा नागरिकको पहुँच | १ | १ | |
| ५४ | ५.३.८ | कृषि र पशु सेवा | १ | १ | |
| ५५ | ५.३.९ | स्थानीय उत्पादनको प्रर्वधन र बजारीकरण | १ | १ | |
| | | **जम्मा** | **१६** | **१२** | |
| | | **सूचक क्षेत्र ६ : न्यायिक कार्यसम्पादन** | | | |
| ५६ | ६.१.१ | न्याय सम्पादन | १ | १ | |
| ५७ | ६.२.१ | मेलमिलाप कर्ताको व्यवस्था | १ | १ | |
| ५८ | ६.२.२ | न्यायिक समितिको निर्णय प्रकृया | १ | १ | |
| ५९ | ६.२.३ | न्यायिक समितिको प्रतिवेदन प्रणाली | १ | १ | |
| ६० | ६.३.१ | उजूरी फर्छयौट | १ | १ | |
| ६१ | ६.३.२ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन | १ | १ | |
| ६२ | ६.३.३ | मेलमिलाप केन्द्र गठन | १ | १ | |
| | | **जम्मा** | **७** | **७** | |

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| २२ | ३.२.३ | बजेट प्रस्तुती र स्वीकृती | १ | १ | |
| २३ | ३.२.४ | गैरसरकारी संघ संस्थाहरुले गाउँ/नगर सभवाट पारित गरी योजना कार्यान्वयन | १ | १ | |
| २४ | ३.३.१ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | १ | १ | |
| २५ | ३.३.२ | पाँच लाखभन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटले | १ | ०.५ | |
| २६ | ३.३.३ | वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा | १ | ०.५ | |
| २७ | ३.३.४ | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स. को नगद लागत साझैदारी। (स्था.स.सं.ऐन दफा २५) | १ | ० | |
| २८ | ३.३.५ | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट | १ | ०.५ | |
| | | **जम्मा** | **११** | **७.५** | |

## सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | ४.१.१ | आन्तरिक स्रोत | १ | १ | |
| ३० | ४.१.२ | वित्तिय अनुशासन | १ | ० | |
| ३१ | ४.२.१ | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकार द्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | १ | १ | |
| ३२ | ४.२.२ | आय र व्ययको विवरण सार्वजनिककरण | १ | १ | |
| ३३ | ४.२.३ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन | १ | ० | |
| ३४ | ४.२.४ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | १ | १ | |
| ३५ | ४.३.१ | रकमान्तर | १ | १ | |
| ३६ | ४.३.२ | प्रशासनिक खर्च | १ | १ | |
| ३७ | ४.३.३ | पूँजीगत खर्च | १ | १ | |
| ३८ | ४.३.४ | राजस्व सङ्कलन | १ | १ | |
| ३९ | ४.३.५ | खर्च गर्ने अख्तियारी | १ | १ | |
| | | **जम्मा** | **११** | **९** | |

## सूचक क्षेत्र ५ : सेवा प्रवाह

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | ५.१.१ | सेवा प्रवाह | १ | ०.५ | |
| ४१ | ५.१.२ | वडाले उपलब्ध गराउने सेवा | १ | १ | |

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्ग | प्राप्ताङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| | | **सूचक क्षेत्र ७ : भौतिक पूर्वाधार** | | | |
| ६३ | ७.१.१ | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | १ | १ | |
| ६४ | ७.१.२ | जोखिम संवेदनशील भूउपयोग योजना | १ | १ | |
| ६५ | ७.१.३ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी | १ | ० | |
| ६६ | ७.२.१ | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार | १ | ० | |
| ६७ | ७.२.२ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | १ | ० | |
| ६८ | ७.२.३ | आयोजनाको वातावरणीय अध्ययन-प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्क (IEE) र वातावारणीय प्रभाव | १ | १ | |
| ६९ | ७.२.४ | राष्ट्रिय भवनसंहिता र मापदण्ड | १ | १ | |
| ७० | ७.३.१ | सडकको विस्तार | १ | ०.५ | |
| ७१ | ७.३.२ | सडकको स्तर उन्नती | १ | १ | |
| ७२ | ७.३.३ | खानेपानी सेवा विस्तार | १ | १ | |
| ७३ | ७.३.४ | वार्षिक योजनाको कार्यान्वयन स्थिति | १ | १ | |
| ७४ | ७.३.५ | फोहोर मैला व्यवस्थापन | १ | ० | |
| ७५ | ७.३.६ | औद्यिगक पूर्वाधार | १ | ० | |
| | | **जम्मा** | **१३** | **७.५** | |
| | | **सूचक क्षेत्र ८ : सामाजिक समावेशीकरण** | | | |
| ७६ | ८.१.१ | सामाजिक विभेदको न्युनीकरण | १ | १ | |
| ७७ | ८.१.२ | समानुपातिक सहभागिता | १ | १ | |
| ७८ | ८.२.१ | सामाजिक सुरक्षा तथा संरक्षण | १ | ०.५ | |
| ७९ | ८.२.२ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेनतामूलक अभियान | १ | १ | |
| ८० | ८.२.३ | बालश्रम,बालविवाह,बहुविवाह,दाइजो/दहेज,बोक्सी,छाउपडी जस्ता प्रथासँग सम्बन्धि कार्यहरु | १ | १ | |
| ८१ | ८.२.४ | लैङ्गीक उत्तरदायी बजेट परीक्षण (न्भक्ष बामष्त० | १ | ० | |
| ८२ | ८.३.१ | महिला बिरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी (अघिल्लो आ.व. को तुलनामा) | १ | १ | |
| ८३ | ८.३.२ | बालश्रम, बालविवाह, बहुविवाह,दाइजो/दहेज,बोक्सी,छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी( सशर्त अनुदान बाहेक बाँकी बजेटको ) | १ | ० | |

| सि.नं. | सूचक नं. | सुचक क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | **जम्मा** | १०० | ६८.५ | |

**निर्णय नं. ६:**

गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ सम्मको अन्तिम लेखापरिक्षणको क्रममा देखिएको बेरुजु गाउँसभाबाट नियमित गरि संपरिक्षण गर्ने सम्बन्धमा गाउँपालिकाको बेरुजु फस्यौंट समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने। यसै सम्बन्धमा गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ सम्मको बेरुजु नियमित गर्ने सम्बन्धी प्रस्ताव छलफलका लागि मिति २०८०/०९/२३ गतेको राक्सिराङ्ग गाउँसभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा कार्यपालिका सदस्य श्री उत्तम वाईबाले निम्नानुसार पेश गर्नुहुने ।

गाउँ सभाको पन्ध्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "आर्थिक बर्ष २०७८/०७९ सम्मको बेरुजु नियमित गर्ने" सम्बन्धी प्रस्ताव

श्री महालेखापरिक्षकको कार्यालयबाट गरिएको अन्तिम लेखापरिक्षणको क्रममा आ.व. २०७८/०७९ सम्म देखिएको यस गाउँपालिकाको बेरुजु फस्यौट गरी नियमित गर्ने सम्बन्धमा गाउँपालिकाको बेरुजु फस्यौट समिति र लेखा समितिमा दफावार छलफल भई आएको प्रतिवेदन उपर गाउँसभामा छलफल गरि देहायबमोजिम नियमित गर्ने र महालेखा परिक्षक समक्ष बेरुजु लगत कट्टाको लागि अनुरोध गर्ने ।

बेरुजु फस्यौंट समितिको प्रतिवेदन

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २८ रकम रु २१,०८,३८८/-

कार्यालयले नदिजन्य पदार्थको राजस्व संकलन गर्दा सवारी साधनको क्षमताको आधारमा नभई उक्त सवारीसाधनले बोकेको सामग्रीको परिमाणको आधारमा संकलन गरिने/गर्नुपर्ने यथार्थता यस अघि कार्यालयबाट बेरुजु प्रतिक्रिया पठाउँदा समेत उल्लेख गरिएको छ । (उदाहरणको लागि ४० सिटे बसमा २५ जना मात्र यात्रु सवार भए भन्दैमा ४० जनाकै भाडा प्राप्त हुनुपर्छ भनि आरोपित गर्न मिल्दैन भने जस्तै धारणा यसमा संलग्न पदाधिकारीहरुको रहेको रहेको छ ) । हाम्रो सन्दर्भमा खोला बगर क्षेत्रको उवड-खावड युक्त पहुँच मार्ग भै राजमार्ग क्षेत्रमा नदिजन्य सामग्री ओसार पसार गर्नु पर्दा तथा पहाडी क्षेत्रको उकालो ओरालो भुस्खंड भएको यस पालिका क्षेत्रका विभिन्न स्थानहरुमा नदिजन्य सामग्री पूर्ण क्षमतामा ढुवानी हुनै नसक्ने वास्तविकता आज पनि देख्न / जाँचबुझ गर्न/ अनुभव गर्न सकिन्छ। यस्ता वास्तविकताका विच कार्यालयले असुल गरेको राजस्व र सोको परिमाण विभिन्न उद्योग जारि भएका भ्याट बिल, चलान आदिले समेत पुष्टयाइ गरेको अवस्थामा रहन्छ । तसर्थ उक्त बेरुजु बाट सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्यौंट/नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३० रकम रु १,३५,८७२/-

कार्यालय अन्तर्गतका विभिन्न वडा कार्यालयहरु निकै दुर्गम एवं बैंक /वित्तीय संस्था नभएको क्षेत्रमा समेत पर्नेभएको तथा राजस्व सङ्कलन गर्ने वडा सचिवले दैनिक रुपमा कार्यालय छाडी १०/१५ कि.मि. टाढा रहेको बैंकमा दाखिला गर्न आउने सम्भावना समेत कम भएको अवस्थामा केहि सहुलियत पूर्ण व्यवस्था हुनुपर्ने देखिन्छ। संकलित राजस्व जम्मा भैसकेको हुनाले तथा आगामी दिनमा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन तर्फ कार्यालय पूर्ण प्रतिवद्ध रहने व्यहोरा अनुरोध गर्दै नियतवस नभै परिस्थितिं जन्य कारण

प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन तर्फ कार्यालय पूर्ण प्रतिवद्ध रहने व्यहोरा अनुरोध गर्दै नियतवस नभै परिस्थिति जन्य कारण उत्पन्न अवस्थाको बेरुजु कायम भएको तथा उल्लेखित ऐनको दफा २८(२) को प्रतिबन्धात्मक वाक्यांश ऐन को दफ ८(३ र ४) को व्यस्था लाइ आत्मसाथ गरि बेरुजु सम्परीक्षण हुनु पर्ने देखिन्छ । तसर्थ आगामी दिनमा सुधार गर्दै लगिने हुँदा दाखिला भएको रकमबाट सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्र्यौट/नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३१ रकम रु १,१८,९९,३६७/-

कार्यालयले नदिजन्य पदार्थको कर सङ्कलन गर्दा सवारी साधनको क्षमताको आधारमा नभई सवारी साधनले बोकेको नदिजन्य पदार्थको परिमाणमा मात्र कर सङ्कलन गर्ने हो । यस गाउँपालिकामा पक्की सडक राष्ट्रिय राजमार्ग वा यस्तै प्रकारका स्तरीय सडकको पहुँच छैन वर्षायाम बाहेका समयमा खोला क्षेत्रमा बन्ने खाल्डाखुल्डी हुन कच्ची सडक एवं उकालो ओरालोयुक्त कच्ची सडक भै ढुवानी गर्नु पर्ने अवस्था छ । १ ट्रिप सामाग्री खरिद गरी त्यसलाई २ वटा गाडीट्रयाक्टरमा अनलोड गरी पर्याउनु पर्ने अवस्था / जहित्यही देख्न सकिन्छ । कार्यालयबाट ठेक्का बन्दोवस्त भएको अस्पताल भवन मनहरी चैनपुर सडक आदि जस्ता आयोजनाहरुमा आधा क्षमता सम्म ढुवानी गरि लगिरहेको अवस्था जहिले पनि देख्न सकिन्छ । यस्तो अवस्थामा सवारी साधनले मार नखाओस पदैल यात्री लगाएतलाई नदिजन्य पदार्थ झरेर दुर्घटना नपरोस भन्ने आशय र पुरा माल बोक्नै नसक्ने यथार्थ रहेको सन्दर्भमा भएका ढुवानी परिमाण बमोजिम नै कर सङ्कलन भै रहेको हुँदा घटी सङ्कलन गरेको भन्ने अवस्था नरहेकोले उक्त रकम सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्र्यौट/नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ४३ रकम रु १४,७५,२१५/-

स्थानीय सरकार सञ्चालन ऐनअनुसार भूमि व्यवस्थापन एवम् वर्गीकरण सम्वन्धी कार्य (क)उपदफा ५ को दफा ११ २०७४ , स्थानीय ,वस्ति विकास ,वर्गीकरण ,स्थानीय तहको अधिकारको विषय हो । भूउपयोग योजनाको अभावमा जग्गाको एकिकरण व्यवस्थापन जस्ता कार्यहरु गर्न विलम्व स्तरमा अव्यवस्थित वसोवास भएकाले गाउँपालिकाले आफ्नै अग्रसरतामा सङ्घीय कानुनको प्रतिकुल नहुने गरी सो रणनीति तर्जुमा गरेकोले सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. १८ रकम रु ३९,३७,६७२/-

खरिद कार्यमा उपभोक्ता समिति प्रयोग मा सव कन्ट्रयाक्टर बाट काम गराइएको नियम संगत नदेखिएको भनि औंल्याइएको सम्बन्धमा निम्नानुसारको अवस्था भएको हुँदा सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

निम्नः

१) काङसीराङ साजक लिफ्ट खा.पा. योजना, ठुलोपाटा ख.पा.योजना , भिम्बुङ्ग लिफ्ट खा.पा. योजना उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने श्रमदान लगाएतको अंश उल्लेखित उपभोक्ता समितिहरुबाट व्यहोरिएको छ ।

२) उल्लेखित योजनाहरु सोलार लिफ्टबाट पानी लिफ्ट गर्नुपर्ने हुँदा सोलार सम्बन्धी इक्युपमेन्ट खरिद गनुपर्ने भै क्रमश सेन्टर फर रिसोर्स कन्जरभेसन् नेपाल प्रा.लि. तप्सन इनर्जी प्रा.लि. र नारायणी पावर सोलुसन प्रा.लि.बाट खरिद गरी सोको विल बिजक पेश भएको हो। कन्ट्रयाक्ट सम्बन्धी सम्झौता नभएको अवस्थामा बील पेश हुनु नै सव कन्ट्रयाक्टर रहेको मात्र सकिने अवस्था नरहेको ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ३३ रकम रु २,६४,६५०/-

संघीय सशर्त अनुदानतर्फ गाउँपालिकामा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको विभिन्न कार्यक्रममा नर्म्स भन्दा बढि भुक्तानी भएको सम्बन्धमा उल्लेखित कार्यक्रमगम विवरणमा गोश्वरा भौचर सँग सम्बन्धी निम्नानुसार भएको ।

गोश्वारा भौचर नं. ७६ मा उद्यमीको एक दिने अन्तरकृया कार्यक्रममा सहभागीलाई यातायात खर्च वापत स्वीकृत दरभन्दा बढि रु.२,५०० र आन्तरिक प्रशिक्षकलाई प्रशिक्षण भत्ता स्वीकृत भन्दा बढि रु.६०० असुली गोश्वारा भौचर नं. ८५ मा पाँच दिने प्रस्तावना लेखन तथा व्यवसायिक योजना सम्बन्धी तालिममा अनुगमन भत्ता बापत अध्यक्ष र उपाध्यक्षलाई भुक्तानी गरिएको अनुगमन भत्ता रु. ७०,००० लेखिएको तर उक्त कार्यक्रममा निजहरुलाई अनुगमन बापत रु.६,००० मात्र भुक्तानी गरिएको रकम असुली गरि सञ्चालन तथा व्यवस्थापन वापत स्वीकृत दरभन्दा बढि रु. २५५० असुली प्रस्तावना तथा प्रतिवेदन लेखन वापत अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ मा ७.१.१५ को १५ नं.मा प्रतिवेदकले १

कार्यदिनसम्मको कार्यक्रमको रु.१००० र बाँकि दिनको प्रतिदिन रु.५०० को दरले थप हुने र अधिकतम रु.३००० सम्म दिन सकिने व्यवस्था भएको र प्रस्तुत ५ दिनको कार्यक्रममा प्रतिवेदकलाई रु. २५०० भुक्तानी गरिएकोमा उक्त शीर्षकमा रु.५००० बेरुजु हुनुपर्ने कारण नदेखिएको, प्रशिक्षक गोविन्द विश्वकर्मालाई १२ सेशनको कार्यपत्र प्रस्तुतिको लागि अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका बमोजिम रु.१४०० प्रदान गर्न सकिने व्यवस्था रहेको र उक्त कार्यक्रममा निजलाई रु १००० को दरले भुक्तानी गरिएको, गोश्वारा भौचर नं. ८७ सात दिने व्यवसायिक पशु स्वास्थ्य कार्यक्रमको अनुगमन वापत रु.४२,००० दूई ठाउँमा गरि जम्मा रु ८४,००० रकम बेरुजू लेखिएको तर उक्त कार्यक्रममा अनुगमन वापत अध्यक्ष र उपाध्यक्षलाई रु ६००० मात्र भुक्तानी भएकोले उक्त रकम असुली भएको छ। प्रस्तुत कार्यक्रममा कार्यसञ्चालन निर्देशिका बमोजिम नै प्रशिक्षकहरु डा ध्रुव डिसि, सुभेच्छा ढकाल, केशवराज स्याङतान, ईमानसिंह थिङ र कमल प्रसाद मुक्तानलाई जम्मा रु २८००० भत्ता भुक्तानी भएको र कार्यतालिका पेश गर्नु भनिएकोले कार्यतालिका पेश गरिसकिएको छ। गोश्वारा भौचर नं. १०७ पाँच दिने डोको नाङ्लो बुन्ने कार्यक्रममा स्थानीय पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन भत्ता रु.६०,००० भनि बेरुजु कायम गरिएकोमा उक्त कार्यक्रममा ६ जना पदाधिकारीहरुलाई रु २००० को दरले जम्मा रु १२,००० मात्र भुक्तानी गरिएको हुँदा असुली भएको छ। यसरी कार्यक्रमगत श्रेस्ता अध्ययन भएनुसार गोश्वरा भौचर नं.बाट रकम असुली गरि मिति २०८०/०९/०४ गते बेरुजु शिर्षक १५१११ मा दाखिला गरि प्रमाण पेश भएको हुँदा बाँकी रकम कार्यक्रम अनुसार नै खर्च भएकोमा सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

| गो.भौ.नं.र मिति | कार्यक्रमको नाम | असुली रकम | दाखिला | संपरीक्षण रु |
|---|---|---|---|---|
| ७६/०७८/११/२२ | उद्यमीको १ दिने अन्तरक्रिया कार्यक्रम | ११६५० | ११६५० | ७५६५० |
| ८५/०७८/१२/१० | ५ दिने प्रस्ताव लेखन तथा व्यवसायिक योजना | | | |
| | प्रस्ताब लखेन एक हजारको दरले ५ दिनको | | | ५००० |
| | १२ सेशनको १ हजारले कार्यपत्र प्रस्तुती | | | १२००० |
| ८७/०७८/१२/१३ | ७ दिने व्यवसायिक पशुपालन स्वास्थ्य कार्यक्रम | ६००० | ६००० | ८४००० |
| | कार्यतालिका अनुसार खर्च भएको | | | २८००० |
| १०७/०७८/१२/३० | ५ दिने डोको नाङ्गलो बुन्ने कार्यक्रम | १२००० | १२००० | ६०००० |
| | जम्मा रु | २९६५० | २९६५० | २६४६५० |

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ३६ रकम रु ८,००,०००/-

चेपाङ चिउरी चमेरो मौरीपालन तथा जीवनस्तर सुधार कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्न कार्यक्रमको सम्भाव्यता अध्ययन वास्तविक लाभग्राही पहिचानको लागि स्थलगत अनुगमन कार्यक्रम सञ्चालन भई रहदाका बखत Ongoing Evaluation कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन तयारीका लागि विस्तृत अनुगमन तथा मूल्याङ्कन एवं कार्य प्रगतिको प्रचार एवं प्रबर्द्धनको लागि डकुमेन्ट्री तयारी कार्यको लागि प्रशासनिक खर्च व्यवस्थापनको लागि कुल रकम मध्ये बाट रु ८०००००/- छुट्याईएको सो मध्ये बाट रु ५३२०००/-मात्र खर्च भएको हो । यसरी सम्बन्धीत कार्यक्रम कै लागि आवश्यक पर्ने खर्च क्रियाकलाप एकिन गर्दै एकमुष्ठ लागत अनुमान तयार गरी तोकीएकै कार्यक्रममा खर्च गरिएको सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ३७ रकम रु १,२१,२६१/-

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/०७९ को क्रियाकलाप नं. २.४.६.१ अनुसार विद्यालयलाई २ किस्ता वापत पाठ्यपुस्तकको रकम भुक्तानी दिदाँ सुरु निर्धारण रकमको बढीमा २५ प्रतिशत दिन सकिने तर पालिकाले २५ प्रतिशत भन्दा बढी रकम भुक्तानी भएको रकम असुल गरी गर्नुपर्ने सम्बन्धमा सामुदायिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक अनुदान रकम निकासा गर्दा शैक्षिक सत्र २०७९ को लागि रकम निकासा गर्दा शैक्षिक सत्र २०७८ को विद्यार्थी सङ्ख्यालाई आधार मानेर हुन आउने रकमको ७५ प्रतिशत रकम निकासा दिएको र विद्यालयले विद्यार्थी भर्ना पश्चात सबै विद्यार्थीलाई पाठ्यपुस्तक खरिद गरी वितरण गर्दा पहिलो किस्तामा निकासा भएको ७५ प्रतिशत रकमले अपुग भएको रकम पाठ्यपुस्तक खरिद र वितरण गरेको बिल भर्पाई सहित गरेको मागको आधारमा मात्र रकम निकासा दिएको हो । तसर्थ अर्को शैक्षिक सत्रको लागि(शैक्षिक सत्र २०७९ को लागि रकम निकासा गर्दा शैक्षिक सत्र २०७८ को विद्यार्थी सङ्ख्यालाई आधार मानेर) पाठ्यपुस्तक अनुदान रकम निकासा गर्दा, नयाँ शैक्षिक सत्रमा, अनुमान गरिएको भन्दा बढी नयाँ विद्यार्थी भर्ना भएको कारण २५ प्रतिशत रकमले मात्र अपुग हुन जाने र अपुग थप रकम निकासा नगर्दा बालबालिकाहरु निःशुल्क पाठ्यपुस्तक पाउनबाट बञ्चित हुनु गई नेपालको संविधानले व्यबस्था गरेको माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने मौलिक हकमा समेत बाधा पर्ने भएको र अपुग भएको रकम विद्यालयले पाठ्यपुस्तक खरिद र वितरण गरेको बिल भर्पाईको आधारमा मात्र निकासा दिएको हुँदा सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ४२ रकम रु २५,९४,५८९/-

दामराङ्ग गैवाङ्ग झोलुङ्गे पुल निर्माण कार्य उपभोक्ताको सकृयतामा निर्माण भई कार्य सम्पन्न भएको प्रमाण पेश भएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ४३.१ रकम रु ४,०७,२५७.६५

धिराङ्ग दाराङ्ग दामराङ्ग खानेपानी मर्मत योजनाको लागि खरिद गरिएको HDP पाइप एवं अन्य सामाग्रीहरु तत्कालिन समयमा सामाग्रीहरु सम्बन्धित स्थान सम्म पुर्याइएको र भुगोलको तथा वर्षातको कारणले समयमा प्रयोग नभएजस्तो देखिएता पनि हाल उक्त सर्जिकल सामाग्रीहरु र HDP पाइप व्यवस्थापन गर्दै गाउँपालिका अध्यक्ष समेतको संगलग्नतामा कार्यालय स्थापना गर्दै सञ्चालनमा ल्याइएको र हाल सेवाग्राहीहरुले समेत सेवा प्राप्त गरिरहेको अवस्था छ । यसरी सामान खरिद गरि प्रयोगमा आईरहेको हुँदा सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ४५ रकम रु ९,६०,०००/-

जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरको च.नं. ४०२ मिति २०७८/११/३० गतेको पत्रबाट प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको संचालनतथा व्यवस्थापन) कार्यविधि २०७८ को नियम ५ बमोजिमको कार्यक्रम निर्देशक समितिबाट स्वीकृत भएको बागमती प्रदेश, मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नं. २(२) का आयोजनाहरुमा सानो जिमक्लब निर्माण तथा आवश्यक सामग्री खरिद, राक्सिराङ्ग गाउँपालिका वडा नं ३ रहेको र प्रयोगमा आएको छ ।

सानो जिमक्लब निर्माण तथा सामग्री खरिद कार्यको लागि उपभोक्ता समिति गठन गरी प्राविधिकबाट लागत अनुमान तयारी गर्ने क्रममा जिमक्लब निर्माणका लागि तत्काल जग्गा व्यवस्थापन हुन नसक्ने कारण हाललाई जीमक्लबमा प्रयोग हुने सामग्री खरिद गर्ने गरी छलफल पश्चात सामग्री खरिद, ढुवानी व्यवस्थापन लगायतका कार्यको लागि लागत अनुमान तयार गरी वडा कार्यालय मार्फत् आवश्यक प्रकृया अगाडी बढाइएको हो ।

जिमक्लबका लागि आवश्यक सामग्री खरिदका लागि सेवा प्रदायक कम्पनी छनौट गरी उपभोक्ता समिति लाई उक्त सामग्री व्यवस्थापन गरी प्रयोग गर्नको लागि जानकारी गराइएको र उक्त सामग्रीहरु नेपाल रेडक्रस सोसाइटी, सरिखेत उपशाखा भवनमा व्यायामशाला निर्माण भई प्रयोग भईरहेको अवस्था छ ।

स्वस्थ व्यायामशाला स्थानीय व्यक्तिहरुले प्रयोग गरिरहेका छन, स्थानीय क्लब समिति समेत निर्माण भई व्यवस्थापन र नियमित व्यायाम गरिरहेको अवस्था छ, सामग्रीको उचित व्यवस्थापन र रेखदेखका लागि वडा कार्यालयलाई पत्राचार गरिएको छ, स्थानीय उपभोक्ताको नगद लागत साझेदारीमा भएको कारण उनीहरुले पनि सो सामग्रीहरुको उपयोग प्रभावकारी र व्यवस्थित ढँगबाट गरिरहेको अवस्था रहेको हुँदा उक्त खरिद कार्यमा रकम हिनामिना नभएको र स्थानीय युवाहरुले ती सामग्रीहरुको उचित उपयोग समेत गरिरहेको हुँदा प्रभावकारिता रहेको र यसमा राज्यकोषको कुनैपनि दुरुपयोग नभएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ५० रकम रु ४५,३५,८६५/-

निर्माण कार्य ठेक्का मार्फत सञ्चालन हुँदा एवं उपभोक्ता समिति मार्फत सञ्चालन गर्दाका आ आफ्नै प्रकारका फाइदा एवं बेफाइदाहरु प्राप्त हुने नजिक एवं अनुभवहरू हाम्रा सामु रहेकै छ।उपभोक्ता समिति बाट कार्य गराउँदा उपभोक्ताको श्रमदान समेत प्राप्त गर्न सकिने अवस्था एकातिर छ भने प्रदेश सरकारका कार्यक्रम असार मसान्तसम्म सम्पन्न हुन नसक्दाको अवस्थामा म्याद थप गर्न श्रोत सुनिश्चिताको अभावले आयोजनाहरु लथालिङ्ग हुनपुगेका पनि छन्। ठेक्का प्रक्रिया लाग्ने लामो समयको प्रक्रियाबाट हुन सक्ने सम्भावित असर कम गर्न उपभोक्ता समितिबाट सञ्चालन गरिएको हो। उपभोक्ता समितिबाट काम गराउन सकिने स्ल्याब(६० लाख) सम्मको योजनाको परिधि भित्र रहेकोले संचालन गरिएको हो। उपभोक्ताले ठेक्का लगाएको प्रमाण कागजात भएको अवस्था होइन। सडक खन्ने कार्यमा मेसिनरी प्रयोग गर्न पर्ने भनि प्राविधिक राय बमोजिम प्रयोग गरिएको हो, मेसिनरी/ उपकरण उपभोक्ता समिति संग नभएको कारण भान्जा टेक कन्स्ट्रक्सन/लक्ष्मी निर्माण सेवा/लक्की सेभेन इन्कपोरेसन प्रा.लि./केन्यान्स कन्स्ट्रक्सन बाट भाडामा प्राप्त गरिएको हो । उपभोक्ताको अंश उपभोक्ता समितिले पुरा गर्नु नै पर्ने भएकोले ठेक्का लगाइएको होइन । यसरी भुक्तानी गरिएको रकमबाट कुनै हानी नोक्सानी नभई विकास निर्माण कार्य भएको हुँदा उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ५५ रकम रु ४९,८१,९३८/-

बस्ती बचाउ तटबन्धन लगायत विपद व्यवस्थापन कार्यको लागि तत्काल कार्यान्वयन गर्नु पर्ने भई प्राविधिक मुल्याङ्कन अनुसार स्वीकृत बजेट रकमबाट खरिद गरिएको तार जाली र खानेपानी तथा सिंचाई पाइप विभिन्न योजना तथा स्थानमा प्रयोग गरि सम्पन्न भई सकेको र खानेपानी पाइप तथा तारजाली क्वालिटि टेक्टको प्रतिवेदन समावेस गरेको र कार्यालयबाबट गठन भएको मुल्याङ्कन समितिको प्रतिवेदन समेत रहेको हुँदा यस बाट कुनै सरकारी हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ५७ रकम रु १३,४२,८६९/-

उपभोक्ता समिति मार्फत सञ्चालित कुइति कोखारी सडक निर्माण र वडा नं.२ कार्यालय हुँदै रेम्किम वडेटार निर्माण कार्यमा विभिन्न निर्माण व्यवसायीले आफ्नो मातहतमा रहेको खरिद भएका सामाग्री सप्लायर्स गरेको बील रकम भुक्तानी दिने कार्य भएको हो । यसरी उपभोक्ता समितिबाट योजना निर्माण भई सम्पन्न भएको अवस्था छ यसरी भुक्तानी गरिएको रकमबाट हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७८/७९ बे.द.नं. ५८ रकम रु २,९९,९९९/-

शिक्षा, स्वास्थ्य, सडकपूर्वाधार, रोजगार साथै पालिकाबाट उत्पादित कृषिउपजका साथै ग्रामिण सीपबाट उत्पादित हस्तकला घरायसी सामाग्री बजारिकरण गर्ने लगायतका विगत वर्तमान अवस्थाको तुलनमात्मक विश्लेषण सम्बन्धी डकुमेन्ट्री तयार गरि हेटौडा मल्टिमिडिया प्रा.लि.बाट ३ पानाको प्रतिवेदन समेत प्राप्त गरि भुक्तानी गरिएको रकमबाट कुनै हानी नोक्सानी नभएकोले उक्त बेरुजु नियमित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट तर्जुमा सम्बन्धमा निम्नानुसार कार्यतालिका स्वीकृत गरी आवश्यक कार्य गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

**आ.बा. २०८१/०८२ को बार्षिक योजना तथा बजेट तर्जुमा कार्यतालिका**

| क्र.सं. | मिति | क्रियाकलाप | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| १ | २०८०/०९/१२ | कार्यपालिका बैठक(११:०० देखि १२:३० बजे) | |
| २ | | राजश्व परामर्श समितिको बैठक(४:१५ देखि ६:००) | |
| ३ | २०८०/१०/०३ | राजश्व परामर्श समितिको बैठक वडा सचिव सहित (७:०० देखि ९:०० ) | |
| ४ | | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (४:१५ देखि ६:३०) | |
| ५ | २०८०/१०/१० | राजश्व परामर्श समितिको बैठक(८:०० देखि १०:००) वडा सचिव सहित | |
| ६ | २०८०/१०/१४ | राजश्व परामर्श समितिको बैठक(८:०० देखि १०:००) वडा सचिव सहित | |
| ७ | २०८०/१०/१७ देखि २०८०/१०/२४ | राजश्व परामर्श समितिको प्रारम्भिक प्रतिवेदन मस्यौदा तयारी | |
| ८ | २०८०/१०/२८ | राजश्व परामर्श समितिको बैठक(८:०० देखि १०:००) | |
| ९ | | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (४:०० देखि ५:१५) | |
| १० | २०८०/१०/२९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक - वडा अध्यक्ष सहित (४:०० देखि ५:१५) | |
| ११ | २०८०/११/०९ | कार्यपालिका बैठक(११:०० देखि १:०० बजे) | |
| १२ | २०८०/११/११ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०५:१५ देखि ६:०० बजे) | |
| १३ | २०८०/११/१६ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०३:१५ देखि ५:०० बजे) | |
| १४ | २०८०/११/२३ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०५:१० देखि ६:०० बजे) | |
| १५ | २०८०/११/२७ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०८:०० देखि १०:०० बजे) | |
| १६ | २०८०/१२/०५ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०८:०० देखि १०:०० बजे) | |
| १७ | २०८०/१२/१३ | स्थानीय स्तरमा कार्यरत गैसस सहकारी उभोस तथा सामाजिक एवं सामुदायिक संस्थाहरुसँग योजना तर्जुमा सम्बन्धी छलफल | |
| १८ | २०८०/१२/२१ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक(०८:०० देखि १०:०० बजे) | |
| १९ | २०८०/१२/२३ देखि २०८०/१२/३० | बस्ती तहका योजना छनौट | |
| २० | २०८१/०१/०५ देखि | वडा तहमा योजना छनौट | |

| | | | |
|---|---|---|---|
| | २०८१/०१/१२ सम्म | | |
| २१ | २०८१/०१/१६ | आर्थिक विकाश समितिको बैठक | |
| २२ | २०८१/०१/१७ | पूर्वाधार विकाश समितिको बैठक | |
| २३ | २०८१/०१/१७ | सामाजिक विकाश समितिको बैठक | |
| २४ | २०८१/०१/१८ | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक | |
| २५ | २०८१/०१/१८ | सुशासन तथा संस्थागत बिकाश समिति | |
| २६ | २०८१/०१/२५ | गैसस तथा अन्य संघ संस्थासँग बैठक | |
| २७ | २०८१/०१/२८ | आर्थिक विकाश समितिको बैठक (८:०० देखि १०:००) | |
| २८ | | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (५:१५ देखि ६:३०) | |
| २९ | २०८१/०१/३१ | सामाजिक विकाश समितिको बैठक(४:०० देखि ०५:३०) | |
| ३० | २०८१/०२/०४ | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक (८:०० देखि १०:००) | |
| ३१ | | पूर्वाधार विकाश समितिको बैठक(५:०० देखि ०६:३०) | |
| ३२ | २०८१/०२/०६ | सुशासन तथा संस्थागत बिकाश समिति बैठक (८:०० देखि १०:००) | |
| ३३ | २०८१/०२/०८ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | |
| ३४ | २०८१/०२/१३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | |
| ३५ | २०८१/०२/१८ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | |
| ३६ | २०८१/०२/२७ | कार्यपालिकाको बैठक (११:०० देखि ०१:००) | |
| ३७ | २०८१/०३/०४ | कार्यपालिकाको बैठक (११:०० देखि ०१:००) | |
| ३८ | २०८१/०३/०६ | गाउँसभाको बैठक/ वर्षे अधिवेशन प्रारम्भ (११:०० देखि ०१:००) | |
| ३९ | २०८१/०३/०७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक (८:०० देखि १०:००) | |
| ४० | २०८१/०३/०९ | बजेट तथा कार्यक्रम समितिको बैठक (१०:०० देखि ०२:००) | |
| ४१ | २०८१/०३/१० | कार्यपालिकाको आर्थिक विकाश समितिको बैठक (८:०० देखि १०:००) | |
| ४२ | | कार्यपालिकाको विधेयक समितिको बैठक (५:०० देखि ६:००) | |
| ४३ | २०८१/०३/११ | कार्यपालिकाको बैठक (८:०० देखि १०:००) | |
| ४४ | २०८१/०३/१२ | कार्यपालिकाको बैठक (११:०० देखि १:००) | |
| ४५ | २०८१/०३/१६ | गाउँसभाको बैठक (११:०० देखि १:००) | |
| ४६ | २०८१/०३/१८ | कार्यपालिकाको बैठक (अर्थ विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि ०१:००) | |
| ४७ | २०८१/०३/१९ | गाउँसभाको बैठक (११:०० देखि १:००) | |
| ४८ | २०८१/०३/२१ | कार्यपालिकाको बैठक ( विनियोजना विधेयक गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि ०१:००) | |

| | | | |
|---|---|---|---|
| ४९ | २०८१/०३/२३ | गाउँसभाको बैठक (११:०० देखि) | |
| ५० | २०८१/०३/२५ | कार्यपालिकाको बैठक (राजश्व र व्ययको अनुमान (बजेट) गाउँ सभाबाट फिर्ता भएमा मात्र) (११:०० देखि ०१:००) | |
| ५१ | २०८१/०३/२६ | गाउँसभाको बैठक (११:०० देखि) | |

<u>निर्णय नं. ८</u>

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN) को आर्थिक तथा प्राविधिक सहयोगमा तर्जुमा गरिएको *राक्सिराङ्ग गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०८०* स्वीकृत गर्ने ।

<u>निर्णय नं. ९</u>

राक्सिराङ्ग गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को लागि मिति २०८०।०७।२६ गतेका दिन नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, रोडा बालुवा आदि) को उत्खनन्, संकलन एव निकासी विक्रि गर्ने कार्यको लागि ठेक्का बन्दोवस्त गरी (ठेक्का नं. Aya/1/2080/081) विद्युतीय माध्यमको बोलपत्र (NCB Goods) आवहान गरी मिति २०८०।०८।२६ गतेका दिन ठेक्का खोली मूल्यांकन गरी मिति २०८०।०९।०६ गते आशयको सूचना प्रकाशन गरी श्री Khom Construction and General Pvt. Ltd, स्थायी लेखा नं (३०००१३५७७), पोखरा १०, कास्की ले रु ३,६७,६७,२२२।१० रकम कबोल गरेको हुँदा राजश्व परामर्श समितिको मिति २०८०।०९।१८ को बैठकको सिफारिस बमोजिम निजको प्रस्ताव स्वीकृत गरी आवश्यक सम्झौताको प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष , | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |